कार्यपालिका बैठक संख्या -१२९
बैठक मिति -२०७९।१२।२४
अध्यक्षता- नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं १**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत समायोजन भई तथा सरुवा सहमति लिई आएका स्वास्थ्य तर्फका कर्मचारीहरुले २०७९ पौष महिनादेखि पारिश्रमिक वापतको रकम संघीय सरकारवाट प्राप्त नभएको हुँदा हाललाई यस नगरपालिकाको कोषको अवस्था हेरी आन्तरिक कोषबाट सापटी लिई पारिश्रमिक उपलब्ध गराउने साथै नेपाल सरकारवाट रकम प्राप्त भए पश्चात सोधभर्ना गर्ने निर्णय गरियो । कुनै कारणवस संघीय सरकारबाट थप अख्तियारी प्राप्त नभएमा चालु आ.व. २०७९/०८०को अन्त्यसम्ममा त्यसरी भएको खर्चलाई नगरपालिकाले नै व्ययभारको जिम्मा लिने गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नेपाल सरकारद्वारा संचालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनामा यस उपमहानगरपालिकामा कार्यरत एम.आइ.एस.अपरेटर २ जना र फिल्ड सहायक २ समेत गरी ४ जना कर्मचारीहरुको आगामी आ.व. २०८०/०८१ मा निरन्तरता दिने र उल्लेखित कर्मचारीहरुको लागि आवश्यक पर्ने ५०% पारिश्रमिक नगरपालिकाको आन्तरिक कोषबाट दायित्व बहन गर्ने गरी कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं ३

इटहरी अस्पतालको सेवा विस्तार, विशेषज्ञ सेवा सहित आगामी २०८० वैशाख पहिलो हप्तादेखी अन्तरङ्ग सेवा, आकस्मिक सेवा,प्रयोगशाला,औषधी बिक्री कक्ष सहितको २४ घण्टा नै स्वास्थ्य सेवा प्रदान गर्नका निम्ती आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ती, उपकरण, औषधी लगायतका स्वास्थ्य सामाग्रीहरु छोटो प्रकियाद्वारा तत्काल व्यवस्थापन गरी २४ घण्टे सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४

UNDRR (UN Office for Disaster Risk Reduction ), Republic of South Korea को आयोजना तथा निमन्त्रणामा Training Of Trainers on Urban Resilience and Making Cities Resilient सम्वन्धी मिति २०८० जेठ १ देखी ५ गतेसम्म आयोजना हुने कार्यक्रममा देहाय बमोजिमको पदाधिकारीहरुलाई सहभागी हुन अनुमति तथा सहमतिका लागि नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै अव उप्रान्त त्यस्ता वैदेशिक भ्रमणका लागी मनोनयन र सिफारिस गर्ने अधिकार नगर प्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

देहाय

१. नगर प्रमुख – श्री हेमकर्ण पौडेल
२. उप-प्रमुख – श्री संगिता कुमारी चौधरी
३. प्रमुख प्रशासकीय अधिकृत – श्री रामचरित्र मेहता
४. पूर्वाधार विज्ञ – श्री अर्जुन दाहाल
५. वातावरण इन्जिनियर – श्री युगदिप लुइटेल

**निर्णय नं ५**

इटहरी नगर क्षेत्रमा निर्माण हुने नगरवासीको नयाँ घरहरुको नक्साहरु यस इटहरी उपमहानगरपालिकाद्वारा सहुलियत दरमा निर्माण गरिदिने व्यवस्थाका लागि आवश्यक पूर्वाधार जनशक्ती सहित घर नक्सा निर्माण शाखा स्थापना गरी आगामी आ.व. ०८०/०८१ देखि सेवा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

जे.वि. दुहुरे फाउण्डेसन काठमाण्डौ -१४ ले जग्गा भोगाधिकारका सिफारिस माग गरेकोमा इटहरी उपमहानगरपालिका वडा नं.२ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रले चर्चेको जग्गा बाहेकको बाँकी करिब ०-८-०(आठ कठ्ठा) सार्वजनिक जग्गा उक्त जे.वि.दुहुरे फाउण्डेसन काठमाण्डौंका लागि भोगाधिकारको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

नगर क्षेत्रबाट दैनिक उत्पादन हुने फोहोरको उचित व्यवस्थापनका लागि सुझाव पेश गर्न गठित कार्यदलद्वारा प्रस्तुत प्रतिवेदन थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०७९/०८० मा देहाय बमोजिमको निर्माण सामाग्री, वस्तु र सेवा दररेट भ्याट बाहेक स्वीकृत गर्ने निर्णय गरियो ।

### देहाय

| कार्य विवरण | संख्या/इकाई | स्वीकृत दररेट |
|---|---|---|
| खाद्य ल्याब निर्माण कार्यको लागि उच्चस्तरिय गुणस्तर भएको Machine Made water termite proof laminated plywood(16 mm ply+1mm Formica on each side) वा सो सरह र ग्रेनाईटको प्रयोग गरि L आकारको (२३४० मि.मि.x २६३० मिमिx६७५ मिमि) किचन स्लाब Ceramic सिंक तथा आवश्यक Fitting accessories सहित base cabinet माथि तयार गर्ने कार्य । | १ सेट | २०२०००.०० |
| खाद्य ल्याब निर्माण कार्यको लागि उच्चस्तरिय गुणस्तर भएको Machine Made water termite proof laminated plywood(16 mm ply+1mm Formica on each side) वा सो सरह र गुणस्तरिय Stainless steel handle प्रयोग गरि आवश्यक Fitting accessories सहित सिधा आकार (२००० मि.मि.x६००मि.मिx ३०० मि.मि.) भएको वाल क्याविनेटमा दुई वटा (८०० मि.मि.x ६०० मि.मि.x३०० मि.मि.) र एक वटा (४०० मि.मि.x ६०० मि.मि.x३०० मि.मि.)ग्लास Shelf तयार गरि किचन स्लाब माथि वाल क्याविनेट तयार गर्ने कार्य । | १ सेट | १०९०००.०० |
| खाद्य ल्याब निर्माण कार्यको लागि उच्चस्तरिय गुणस्तर भएको Machine Made water termite proof laminated plywood(16 mm ply+1mm Formica on each side)वा सो सरह र गुणस्तरिय fitting accessories प्रयोग गरि L आकारको (२३४०मि.मि. २६३० मि.मि.x८०० मि.मि.६७५ मि.मि.)base cabinet मा दुइ वटा(६५० मि.मि.x८००मि.मि.x६७५मि.मि.) टप drawer सहित bottom shelf एक वटा ply divided drower(६३० मि.मि.x ८०० मि.मि. x६७५ मि.मि.) एक वटा कर्नरमा Vaid drawer र double bowl sink को मुनि void drawer तयार गरि किचन स्लाब मुनि base cabinet तयार गर्ने कार्य । | १ सेट | २१५००.०० |
| Providing and installation of normal kitchen chimney (3 ftx2ft) with suction | १ सेट | १३५००.०० |
| Providing and installation of exhaust fan (6"-12") | १ सेट | ४५००.०० |

निर्णय नं ९

इटहरी उपमहानगरपालिका क्षेत्र भित्रका सामाजिक सुरक्षा अन्तर्गतको सुविधा प्राप्त गर्ने लाभग्राहीहरुको सुविधा लाभग्राहीको घर-घरमा सेवा दिने तथा नगरका सामाजिक गतिविधीका क्रियाकलापलाई सर्व सुलभ ढंगबाट सेवा उपलब्ध गराउने खुल्ला प्रतिस्पर्धाद्वारा नेपाल सरकारबाट स्वीकृत प्राप्त बैंक तथा वित्तिय संस्था छनौट गरी आर्थिक कारोबार र कार्यालय परिसरमा काउण्टर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १०

इटहरी उपमहानगरपालिका (स्थानीय सरकार) को प्रवक्ताको रुपमा ६ नं. वडाध्यक्ष श्री दिवस पोखरेललाई नगर प्रमुखस्तरीय निर्णयवाट नियुक्त हुनु भएकोमा हार्दिक बधाईका साथ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

इटहरी उपमहानगरपालिका वडा नं. ४ को मनकामना चोकमा सामुदायिक प्रहरी चौकी स्थापनाका लागि वडा कार्यालयबाट सिफारिस समेत भई आएकोमा उक्त स्थानमा सामुदायिक प्रहरी चौकी स्थापनाका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।